# प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
# गण्डकी प्रदेश, नेपाल

## सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूलाई अनुदान उपलब्ध गराउने सम्बन्धी सूचना

**मिति:२०७७/०७/२४ गते सोमबार**

यस प्रदेशभित्र यस अगावै स्थापना भई सञ्चालित सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरुको क्षमता विस्तार गरी प्रभावकारी सेवा प्रदान गर्ने उद्देश्यले तपसिल बमोजिमका कागजातहरु सहित सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र सामाजिक विकास मन्त्रालयमा प्रस्ताव पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

१. तोकिए बमोजिमको ढाँचामा तयार भएको प्रस्तावपत्र,
२. बिगत वर्षमा नेपाल सरकार/प्रदेश सरकार वा अन्य कुनै निकायबाट आर्थिक सहयोग लिएको वा नलिएको खुल्ने पत्र,
३. आर्थिक सहयोग लिएको भए सोबाट सम्पादन भएका कामहरुको विवरण,
४. नेपाल सरकारबाट मान्यता प्राप्त लेखापरिक्षकबाट आ.व. २०७६/०७७ को लेखापरिक्षण गरिएको प्रतिवेदन,
५. यस अनुदानबाट पुस्तकालयमा सम्पादन हुने कामहरु र सो को कार्ययोजना,
६. पुस्तकालय तथ्याङ्क फाराम,
७. अनुदान माग सम्बन्धमा पुस्तकालय संचालक/व्यवस्थापन समितिको निर्णय प्रतिलिपी र
८. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।

**नोट:** थप जानकारी तथा प्रस्तावपत्रको ढाँचा र पुस्तकालय तथ्याङ्क फाराम सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेशको वेभसाइट **www.mosd.gandaki.gov.np** बाट प्राप्त गर्न सकिनेछ ।